


# मर्चेन्ट बैंकिङ संस्था सम्बन्धी सेवाहरु

## लगानी व्यवस्थापन सेवा

लगानी व्यवस्थापन सेवा भनेको ग्राहकहरुको तर्फ़बाट दक्ष द्वारा विश्लेषण तथा व्यवस्थापन गरी पुँजी बजारमा गरिने लगानी सेवा हो । धेरै ग्राहकहरु लगानी गर्न चाहँदा चाहदै पनि समयको अभाव, सहि मार्गदर्शनको अभावले गर्दा लगानी गर्न बाट बन्चित भएका लगानीकर्ताहरुको उचित विश्लेषण तथा व्यवस्थापनको लागि ल्याइएको सेवा हो ।

## लगानी व्यवस्थापन सेवाको किसिम

क. स्वेच्छिक (Discretionary) लगानी व्यवस्थापन सेवा

यो लगानी व्यवस्थापन सेवामा ग्राहकको तर्फ़बाट लगानी व्यवस्थापकले पूर्ण स्वतन्त्रतामा आफ्नो स्वविवेकको प्रयोग गरेर खरिद वा बिक्री लगायत करारमा उल्लेखित सबै कार्य गर्ने गरी लगानी व्यवस्थापकले ग्राहकको खाता संचालन गर्न सक्ने गरी गरिएको लगानी व्यवस्थापन सेवा हो ।

ख. गैर स्वेच्छिक (Non-Discretionary) लगानी व्यवस्थापन सेवा

यो लगानी व्यवस्थापन सेवामा ग्राहकको आदेश बमोजिम मात्र खरिद बिक्री गरी लगानी व्यवस्थापकले ग्राहकको खाता संचालन गर्न नसक्ने लगानी व्यवस्थापन सेवा हो ।

ग. ग्यारेन्टी लगानी व्यवस्थापन

यो लगानी व्यवस्थापन सेवामा ग्राहकले लगानी व्यवस्थापक संग सम्झौता गरी गरेको लगानीमा लगानी व्यवस्थापकले प्रतिफलको निश्चितता (ग्यारेन्टी) गरिएको लगानी व्यवस्थापन सेवा हो ।

## लगानी व्यवस्थापकले लगानी गर्न सक्ने क्षेत्रहरु

क. संगठित संस्थाको सूचिकृत धितोपत्र

ख. सार्वजनिक निष्काशन भएका धितोपत्र

ग. मुद्रा बजार उपकरण

घ. सामूहिक लगानी कोषले जारी गरेको इकाई ।

## लगानी व्यवस्थापन सीमा

लगानी व्यवस्थापकले ग्राहकको लागी कम्तीमा तीन लाख रुपैयाँको लगानी व्यवस्थापन गर्नुपर्नेछ ।

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)